नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पो.व.नं. : ३९८७
सिंहदरवार, काठमाडौं
पत्र संख्या :-
चलानी नं. :

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

जलवायु महासन्धि र पेरिस सम्झौता अन्तर्गत ३१ औं जलवायु सम्मेलनको सन्दर्भमा कृषि, वन तथा पर्यावरण मन्त्रीले नेपालको भोटे कोशी नदीमा आएको बाढी र पहिरो र यसले पुराएको जन-धनको कहानी नोक्सानीको विषयलाई लिएर अतिकम विकसित राष्ट्रहरुको मन्त्रिस्तरीय वैठकमा जलवायु न्यायको लागि अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनु भएको छ ।

उक्त अवसरमा बोल्दै मन्त्री चौधरीले कार्वन उत्सर्जनमा न्यूनतम योगदान पुर्याउदा पनि नेपाल उच्च जोखिममा रहेको र "भोटेकोशीको बाढी पहिरो र यसले पारेको प्राभव" एउटा उदारहण मात्र भएको वताउनु भयो। आज नेपाललाई परे जस्तो यस्तो प्रलय भोलि जुन कुनै राष्ट्रलाई पनि पर्ने सक्ने भएकाले अतिकम विकसित राष्ट्रहरु एकतावद्ध र योजनावद्ध भएर ३१ औं जलवायु सम्मेलनमा जाने तयारीका लागि यस मन्त्रिस्तरीय वैठकले आधारशिला निर्माण गर्ने र नेपालले त्यसको पूर्णरुपमा समन्वय र सहकार्य गर्ने वताउनु भयो।

आज, म मेरो देश नेपालमा आइपरेको एक गम्भीर त्रासदीको भारी छायामुनी उभिएर तपाईंहरू समक्ष भारी मनका साथ उपस्थित भएको छु । एक हप्ता अघि, २६ अगस्ट २०२६ मा, चीनसँगको उत्तरी सीमामा पर्ने रसुवा जिल्लाको भोटेकोशी नदी क्षेत्रमा हिउँ र चट्टानसहितको विनाशकारी पहिरो (हिम-चट्टान पहिरो) मा परि नेपालले १,२०६ जना मानिसहरू गुमाइसकेका छ र अझै ४,२१६ भन्दा बढी मानिसहरू बेपत्ता छन्। १५ हजार घरपरिवारका करिब ६० हजार मानिसहरू विस्थापित भएका छन्। उनीहरूमध्ये धेरैले आफ्ना प्रियजनहरू गुमाएका छन्। यस विपद्ले निम्ताएको विनाश तथा यसबाट भएको क्षति अभूतपूर्व छ र यस्तो भयानक घटना विगतमा कहिल्यै भएको थिएन। ७४८ मेगावाट उत्पादन क्षमताका ११ जलविद्युत आयोजना, १०० भन्दा बढी पुल, ११८ टेलिकम टावर र करिब १८७ किलोमिटर राष्ट्रिय राजमार्ग पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्। आर्थिक क्षति र नोक्सानीको प्रारम्भिक अनुमान ४ देखि ५ अर्ब अमेरिकी डलर रहेको छ भने गैर-आर्थिक क्षतिको हिसाव अझै गर्न बाँकी छ। आर्थिक क्षतिको तुलनामा गैर-आर्थिक क्षति २ देखि ३ गुणा बढी हुन सक्छ भन्ने हाम्रो अनुमान छ।

यस विनाशकारी घटना सम्बन्धी जलवायु विज्ञान एकदमै स्पष्ट छ। प्रारम्भिक प्रमाणहरूले चट्टान सहितको हिमपहिरो तथा नदीको बहावमा अचानक आएको यस प्रलयको कारण जलवायु परिवर्तन हो भन्नेमा द्विविधा छैन। यसलाई थप अध्ययन गरी यसका कारणहरू पत्ता लगाउन वैज्ञानिकहरु अनुसन्धान

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

गरिरहेका छन्। अहिलेको हाम्रो पहिलो प्राथमिकता यस जोखिममा पर्ने प्रत्येक नागरीकको जीवन र जीविकोपार्जनको रक्षा गर्नु हो। हामी खोजी, उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणका गतिविधिहरूमा केन्द्रित छौं। यो विपद् न त पहिलो हो, न त अन्तिम नै। यो त तीव्र रूपमा बढिरहेको जलवायु सङ्कटबारे सचेत गराउने एउटा गम्भीर चेतावनी मात्र हो। नेपाललगायतका अति कम विकसित मुलुकहरू (LDCs) को हरितगृह ग्यासको उत्सर्जनमा नगण्य योगदान हुने भए तापनि उनीहरू नै यसबाट सबैभन्दा वढी प्रभावित छन्। यस सङ्कटको असह्य मूल्य हाम्रा जनताले चुकाउनु परिरहेको छ। जलवायु परिवर्तनको मूल मर्ममा रहेको गम्भीर अन्याय यही हो। त्यसैले, नेपाल जलवायु न्यायका लागि स्पष्ट र एकताबद्ध आवाजका साथ उभिन अति कम विकसित मुलुकहरूको समूह (LDC Group) लाई आह्वान गर्दछ। यस्ता जोखिमहरूको सीमा-पार (transboundary) प्रकृतिका कारण, नदी प्रणालीहरूले सधैं क्षेत्रीय साझेदारी र सहयोगको माग गर्दछन्।

माननीय मन्त्री गिता चौधरीले यस अवसरमा ५ वटा विषयमा अन्त राष्ट्र समुदायको ध्यान केन्द्रित गराउनु भएको छ।

सर्वप्रथम, 'नोक्सानी तथा क्षति' (Loss and Damage) सम्बोधन गर्ने कोष पूर्ण रूपमा सञ्चालनमा आउनुपर्छ। साथै यो जलवायुजन्य विपद्को सामना गरिरहेका मुलुकहरूको पहुँचमा र उनीहरूको आवश्यकताप्रति संवेदनशील हुनुपर्छ। भोटेकोशी विपद्लाई तत्काल राहत तथा सहयोग उपलब्ध गराउने सन्दर्भमा विचार गरिनुपर्छ; यसबाट उक्त कोषले कसरी द्रुत, प्रत्यक्ष र प्रभावकारी रूपमा काम गर्न सक्छ भन्ने कुरा प्रदर्शन हुनेछ। नेपालले आफ्नो औपचारिक अनुरोध पेश गरिसकेको छ, अव उक्त कोषले आफ्नो सान्दर्भिकता पुष्टि गर्ने वेला आएको छ।

दोस्रो, विश्वव्यापी तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसको परिधि भित्र राख्नु अति कम विकसित र पहाडी देशहरूको अस्तित्व र विकासको मार्गहरूको लागि महत्त्वपूर्ण छ। कुनै पनि तापक्रम ओभरशूटको परिमाण र अवधि सीमित हुनुपर्छ र; यसका लागि तत्काल र वढी उत्सर्जन कटौती आवश्यक छ - विशेष गरी प्रमुख ऐतिहासिक र वर्तमान उत्सर्जनकर्ताहरूबाट। दशकौंको जीवाश्म-इन्धन-संचालित वृद्धिबाट सबैभन्दा बढी लाभ उठाएका र कार्य गर्ने सबैभन्दा ठूलो क्षमता भएका देशहरूले नेतृत्व गर्ने विशेष जिम्मेवारी वहन गर्छन्। विश्वव्यापी तापक्रम वृद्धिको पहिलो कारण जीवाश्म इन्धन भएकोले आगामी कोप ३१ मा यसको प्रयोग वन्द गर्ने गरी तत्काल सम्बोधन छलफल र पहल गर्नुपर्ने,

तेस्रो, विकसित राष्ट्रहरूले पेरिस सम्झौताको धारा ९ बमोजिम नयाँ, अतिरिक्त, पूर्वानुमानयोग्य र अनुदानमा आधारित सार्वजनिक वित्त उपलब्ध गराएर आफ्ना दायित्वहरू पूरा गरी जलवायु न्यायको प्रत्याभूति गर्नुपर्ने,

चौथो, संयुक्त राष्ट्रसंघको जलवायु सम्वन्धी प्रक्रियामा पर्वतीय क्षेत्रलाई केन्द्रबिन्दुमा राखिनुपर्छ। पर्वतीय पारिस्थितिक प्रणालीले स्वच्छ पानी र हावा उपलब्ध गराउनुका साथै तल्लो तटीय क्षेत्रमा बसोवास गर्ने अरबौं मानिसलाई वातावरणीय सेवाहरू प्रदान गर्दछ। यद्यपि, पर्वतीय समुदायहरू विशेष गरी आदिवासी जनजाति र स्थानीय समुदायहरू भौगोलिक विकटता, गरिवी, संवेदनशील पारिस्थितिक प्रणाली तथा जलवायु-संवेदनशील प्राकृतिक स्रोतहरूमाथिको निर्भरताका कारण असाधारण कठिनाइहरूको सामना गरिरहेका छन्। नेपालले COP ३१ मा हिमाल र जलवायु परिवर्तनलाई एक विशिष्ट प्राथमिकताका रूपमा मान्यता दिन तथा हिमाल र जलवायु परिवर्तनसम्बन्धी UNFCCC को संवादलाई वार्षिक रूपमा सञ्चालन हुने गरी संस्थागत गर्न आह्वान गर्ने,

पाँचौं, अनुकूलन, विपद् जोखिम न्यूनीकरण र विकास योजना तर्जुमाबीच अन्तरसम्बन्ध कायम गरिनुपर्छ। हामीले अनुगमन प्रणाली, सीमापार तथ्याङ्क आदान-प्रदान, बहु-प्रकारका विपद्‌को पूर्वसूचना प्रणाली, जलवायु-अनुकूल पूर्वाधार, सुदृढ संस्थाहरू र उच्च तयारी भएका समुदायहरूमा यी पक्षहरूलाई एकीकृत हुन जोड दिनु भएको छ।

साथै, उक्त अवसरमा माननीय मन्त्रीज्यूले नेपालले महत्वाकांक्षी तेस्रो राष्ट्रिय निर्धारित योगदान (NDC 3.0) पेश गरेको उल्लेख गर्दै अब प्रतिवद्धतावाट कार्यान्वयनको चरणमा अघि बढ्न तयार छ भन्नु भएको छ। जोखिममा रहेका समुदायहरूको सुरक्षाका लागि कार्यान्वयनमा उच्च महत्वाकांक्षा राख्न सबै राष्ट्रहरु गम्भीर हुन जरुरी छ। अल्पविकसित राष्ट्रहरुलाई (LDCs) सहानुभूति चाहँदैनन्; हामी न्याय, ऐक्यबद्धता र कार्यान्वयन चाहन्छौं भन्दै हाम्रा जनताले धेरै आश्वासनहरू सुनिसकेका छन्, तर अब उनीहरूलाई जीवन रक्षा गर्ने, जीविकोपार्जन पुनर्स्थापना गर्ने र उत्थानशील भविष्य निर्माण गर्ने ठोस कार्यको आवश्यकता छ। COP ३१ कार्यान्वयन, महत्वाकांक्षा, ऐक्यबद्धता र जलवायु न्यायको सम्मेलन (COP) बन्नुपर्छ भन्दै जलवायु परिवर्तनमा नगन्य योगदान पुर्‍याए पनि सबैभन्दा बढी मार खेपिरहेका राष्ट्रहरूका लागि न्याय सुनिश्चित गर्न नेपाल LDC समूहलाई एकजुट रहन आह्वान गर्दछ। आउनुहोस्, हामी 'डिली' (Dili) देखि 'अन्तालिया' (Antalya) सम्म हाम्रो सशक्त र एकीकृत सन्देश पुराउन विश्वका सबैभन्दा जोखिममा रहेका राष्ट्रहरूको अस्तित्व रक्षा, उत्थानशीलता र समृद्धि विश्वव्यापी जलवायु कार्यको केन्द्रबिन्दुमा राखिनुपर्दछ भन्नु भएको छ | नेपाल 'सगरमाथा (माउन्ट एभरेस्ट) देखि

समुद्रसम्म' (Sagarmatha to the Sea) को अवधारणालाई जोड्न चाहन्छ अर्थात् नेपालका हिमालहरूदेखि टिमोर-लेस्टे (Timor-Leste) का तटीय क्षेत्रहरूसम्म जोड्नका लागि आव्हान गर्नु भएको छ। उक्त अवसरमा "हाम्रो भूगोल फरक हुन सक्छ, तर हाम्रो जलवायुसम्बन्धी भविष्य अन्तरसम्बन्धित छ। हाम्रा जोखिमहरूले हामीलाई एकताबद्ध गर्नुपर्छ, हाम्रो ऐक्यबद्धताले हामीलाई बलियो बनाउनुपर्छ र हाम्रो सामूहिक आवाजले जलवायु न्याय दिलाउन सक्नु पर्दा छ भन्नु भएको छ।

"हामी अर्को एक वर्ष त्यसै खेर फाल्न चाहदैनौ" भन्दै पहाडी क्षेत्रमा हुने जलवायु विपद्हरू सीमापार प्रकृतिका हुन्छन्, त्यसैले तल्लो तटीय क्षेत्रका जनजीवन बचाउन क्षेत्रीय दृष्टिकोण अपनाउनु अपरिहार्य छ। तसर्थ, जलवायुसम्बन्धी कार्य केवल वार्ताको विषय मात्र होइन - यो मानवता, न्याय र अस्तित्वको सवाल हो भन्दै आफ्नो मन्तव्यको अन्त्यमा विशिष्ट महानुभावहरूलाई सम्वोधन गर्दै उहाँले भन्नुभयो, " म LDC समूहको एकता र नेतृत्वप्रति नेपालको पूर्ण समर्थन रहेको, मानव मात्रको जीवन रक्षा गर्न, जलवायु न्याय कायम राख्न तथा उत्थानशीलता, स्थिरता, समृद्धि र दिगोपनमा आधारित भविष्य निर्माण गर्न नेपाल सधै र सबल रुपमा हामीसँगै मिलेर काम गर्न प्रतिवद्ध रहेको जानकारी गराउनु चाहन्छु ।साथै उक्त अवसरमा अतिकम विकासति राष्ट्रका मन्त्री र राष्ट्रिय सम्पर्क अधिकृतले नेपालमा जलवायु जोखिमले पारेको प्रभावमा अन्तराष्ट्रिय समुदायलाई गम्भिर हुन समेत आव्हान गरेका छन्।

दीपा वली
सुचना अधिकारी/उपसचिव (प्रा.)
कृषि वन तथा पर्यावरण मन्त्रालय